# CLEAN ENERGY NEPAL

Ref. No.: ०६९/७०-०७१
मिति: २०६९/०४/०२

श्री सम्माननीय प्रधानमन्त्री ज्यू
नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

विषय: **काठ्माडौं उपत्यकामा साइकलको लेन निर्माणका लागि ध्यानाकर्षण गराउने सम्बन्धमा ।**

महोदय,

अव्यवस्थित शहरीकरण, सिमित भौतिक पूर्वाधार तथा बढ्दो सवारी चापका कारण काठमाडौं उपत्यकाको यातायात प्रणाली अत्यन्तै अस्तव्यस्त बन्न पुगेको छ । दीगो शहरी यातायात दृष्टिकोण (Sustainable Urban Transport Approach) अंगिकार गरी काठमाडौं उपत्यकाका सडकहरुलांई पैदलयात्री र अपाङ्ग मैत्री बनाउने, छुट्टै साइकल लेनको व्यवस्था गर्ने र सार्वजनिक सवारी साधनको प्रयोग गर्न उपयुक्त वातावरण तयार गर्नु आजको आवश्यकता हो । साथै शहरी विकास योजनाहरुमा यातायात प्रणाली व्यवस्थापनको पक्षलाई महत्वदिने गरिएको छैन । नीति निर्माणकर्ता र कार्यान्वयन गर्ने निकायहरुले जन केन्द्रित (People Centric) भन्दापनि सवारी केन्द्रित (Vehicle Centric) यातायात दृष्टिकोण अपनाएका कारण हालका दिनहरुमा सडक दुर्घटना वृद्धिहुनका साथै वायु प्रदुषणको मात्रा अत्यन्तै भयावह बनेको छ र शहरवासीको स्वास्थ्य अवस्था दिनप्रतिदिन प्रतिकुल बन्दै गएको छ । त्यसमा पनि पैदलयात्री र साइकल प्रयोगकर्ता सबै भन्दा बढि सडक दुर्घटनामा परि ज्यान गुमाउने समूहमा (५४ %) पर्ने अध्ययनहरुले देखाएका छन् । फलस्वरुप, पैदलयात्री र साइकलप्रयोगकर्ता निरुत्साहित हुन पुगेका छन् र उपत्यकामा निजी सवारी साधनको प्रयोग अनियन्त्रित रुपमा बढिरहेको छ ।

भौगोलिक, जलवायु र आकारका दृष्टिले काठमाडौं उपत्यका पैदलयात्रा र साइकल प्रयोगका लागि अत्यन्तै अनुकूल रहेको छ । शहरका प्राय जसो सबै ठाउँमा सजिलै हिंडेर र साइकल बाट पुग्न सकिन्छ । तर उपयुक्त भौतिक पूर्वाधार तथा नीति नियमको अभावमा यस्ता वातावरण मैत्री यातायात प्रणाली अवलम्बन गर्न शहरवासीलाई कठिनाइ भइरहेको छ । यस पृष्ठभूमिमा काठमाडौं उपत्यकालाई स्वच्छ र जनमैत्री बनाउनका साथै आयातित खनिज इन्धनमा आधारित यातायात प्रणालीमा तत्काल परिवर्तन ल्याउन र विद्यमान ट्राफिक समस्या निराकरण गर्न (Non Motorized Transport) (पैदलयात्रा, साइकलप्रयोग) प्रणालीको विकास गरी साइकल समावेशी शहर बनाउनका ध्यान आकर्षण गर्दछौं ।

कार्तिक १४ गते सडक दुर्घटनाका कारण हामीले एक महत्वपुर्ण व्यक्तित्व गुमायौं । संरक्षणविद् तथा वातावरणकर्मी डा. प्रल्हाद योन्जन साईकलमा घर फर्कने क्रममा ट्रकको ठक्करले उहाँको निधन भएको थियो । यस घटनाले हाम्रा सडकको अवस्था र सम्पूर्ण यातायात व्यवस्थापनको वास्तविक अवस्थालाई उदाङ्गपारेको छ । यही कुरालाई उठाउँदै साइकल सिटी २०२०, क्लिन एयर नेटवर्क नेपाल र स्वच्छ ऊर्जा नेपाल लगायतका सरोकारवालाहरुले गत अप्रिल ६, २०१२ मा वृहत् साइकल र्‍यालीको आयोजना गरेको थियो । उक्त र्‍याली मार्फत् सम्बन्धित निकायहरु (महानगरीय ट्राफिकप्रहरी प्रभाग, काठमाडौ उपत्यका नगर विकास समिति, सडक विभाग, तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालय र काठमाडौं महानगरपालिका) मा विभिन्न मागहरु सहित साइकल लेन निर्माणका लागि ध्यानाकर्षण गराउँदै ज्ञापन पत्र हस्तान्तरण गरिएको थियो । उक्त र्‍यालीमा सहभागी सयौं साइकल यात्रीहरुद्वारा स्वेच्छाले जम्मा गरिएको रकमबाट प्रधानमन्त्रीज्यूलाई साइकल उपहार खरिद गरी विश्व वातावरण दिवस २०१२ को अवसरमा एक समारोह बीच उक्त साइकल हस्तान्तरण गरिएको थियो ।

140 Bulbule Marg, P.O. Box 24581, Thapagaun, Kathmandu, Nepal
E-mail: info@cen.org.np, Website: www.cen.org.np
Tel/Fax: 977-1-4464981, 01-6915649

# CLEAN ENERGY NEPAL

**Ref. No.:**

यसै पत्र मार्फत् यहाँलाई सडक विभागले काठमाडौंका १४ मि. भन्दा चौडा सडकहरुमा साइकल लेन सहितको डिजाइन तयार गरिसकेको कुरा अवगत गराउन चाहन्छौं । साथै सडक विस्तार आयोजना समितिले पनि सडकका डिजाइनहरु Complete Road Concept मा आधारित हुनुपर्ने उल्लेख गरेको छ । तर हालै निर्माण भइरहेका सडक खण्डहरुमा साइकल मैत्री अवधारणा कार्यान्वयन भएको देखिदैन । मांईतीघर–तिनकुने सडकखण्डमा साइकल लेन बनाउने काठमाडौं महानगरपालिकाको १० वर्ष अगाडिको निर्णयको कार्यान्वयन अवस्था उत्साहजनक छैन । त्यसै गरी विष्णुमती लिंक रोडमा आयोजनाको प्रारम्भिक वातावरणीय मुल्याङ्कन को प्रतिवेदनको सुझाव अनुरुप अविलम्ब साइकल लेनको निमार्ण गरिनुपर्ने र बागमती-विष्णुमती कोरिडोर लगायत खोलाका किनारका अन्य सबै सडकहरुमा पनि साइकल लेनको व्यवस्था गरिनु पर्ने सिफारिसको पनि कुनै सुनुवाइ भएको छैन ।

काठमाडौंको अस्तव्यस्त ट्राफिकमा साइकल यात्रीहरुको जोखिम दिनानुदिन बढ्दै गइरहेको छ । संरक्षणविद् डा. प्रल्हाद योञ्जनको असामयिक निधन एक उदाहरण हो । दिनहुँ जसो साइकल दुर्घटनामा केही क्षति हुने गरेको छ र केयौंले ज्यान गुमाइसकेका छन् । अझ पनि सडक सुरक्षामा ध्यान नदिने हो भने यी संख्या र विवरण बढ्ने निश्चित देखिन्छ । हालै सडक विभाग र जाइका (JICA)ले गरेको अध्ययन अनुसार सन् १९९१ को तुलनामा २०१२ मा साइकलयात्रीहरुको संख्या ६.६ बाट १.५ प्रतिशतले घटेको देखिन्छ ।

**तसर्थ दीगो शहरी यातायात विकासको अवधारणा अंगिकार गर्दै काठमाडौं उपत्यकाका सडकहरुमा साइकल लेन र आवश्यक पूर्वाधारको व्यवस्था गरी साइकल मैत्री शहर निर्माण तर्फ अग्रसर हुन हामी अपिल गर्दछौं । साथै हाल काठमाडौंका विभिन्न स्थानहरुमा भइरहेको सडक विस्तारमा सडक र साइकल यात्रीलाई सहज हुने किसिमको पूर्वाधारहरु बनाउन सम्बन्धित निकायहरुलाई यहाँको तर्फ वाट ध्यानाकर्षण गराउन चाहन्छौं ।**

यसै पत्रसँगै गत अप्रिल ६, २०१२ मा वृहत् साइकल र्‍यालीमा विभिन्न सरोकारवाला निकायहरुलाई बुझाएको ज्ञापन पत्र पनि समावेश गरेका छौं ।

भवदीय,


मन्जित ढकाल
कार्यक्रम निर्देशक
स्वच्छ ऊर्जा नेपाल
१४० बुलबुले मार्ग, थापागाउँ, बानेश्वर, काठमाडौ ।
सम्पर्क नं: ०१ ४४६४९८१ ईमेल: info@cen.org.np


CLEAN ENERGY NEPAL

बोधार्थ:

- महानगरीय ट्राफिक प्रहरी प्रभाग, रामशाहपथ, काठमाडौ ।
- काठमाडौ उपत्यका विकास प्राधिकरण, काठमाडौ ।
- सडक विभाग, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय, बबरमहल, काठमाडौ ।
- भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय, सिहदरवार, काठमाडौं ।
- काठमाडौं महानगरपालिका, बागदरवार, काठमाडौ ।